# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति समिक्षा प्रतिवेदन



बडीकेदार गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खड्यौली, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

# बडीकेदार गाउँपालिकाको, डोटीको आ.व. २०८१/०८२ मा संचालित गाउँ विकास योजना तथा कार्यक्रमको वार्षिक प्रगति समिक्षा गोष्ठीको प्रतिवेदन

पृष्टभूमि :

स्थानीय तह जनताका सवै भन्दा नजिकका तह हुन् । स्थानीय तहलाई स्थानीय सरकार पनि भन्न सकिन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका., नगरपालिका र गाउँपालिका)लाई स्वायत्त अधिकार सम्पन्न वनाएको छ । जव सरकारको विषय आउछ, त्यहाँ पारदर्शिता, जवाफदेहीता, कानूनी शासन, समावेशीकरण, सहभागिता जस्ता विषयहरु प्रमुख सवाल वन्ने गर्दछन् ।

स्थानीय तह स्थानीय सरकार भएकाले जनता प्रति जवाफदेही वन्नु पर्दछ । जवाफदेही भए नभएको मापन गर्ने विधि तरिका मध्ये सामाजिक परिक्षण पनि एक हो । सामाजिक परिक्षण कार्यक्रममा स्थानीय तहले सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सरोकारवाला बाट लेखाजोखा गरिन्छ । अहिले स्थानीय सरकारका रुपमा रहेका स्थानीय तह जनप्रतिनिधि विहिन छन् । अहिलेको अवस्थामा स्थानीय तहमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्नु निकै चुनौतीपूर्ण छ । तर सरकारले स्थानीय तह संचालनको लागि विभिन्न कार्यविधि, निर्देशिका जारी गरि स्थानीय तहका कामहरुलाई सुचारु गरिएको छ ।

बडीकेदार गाउँपालिकाको कार्यलय, डोटीको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समीक्षा गोष्ठी २०८२ भाद्र २२ गते सम्पन्न भएको थियो । बडीकेदार गाउँपालिकाका अध्यक्ष श्री भैरव बहादुर साउँदको अध्यक्षतामा सम्पन्न गोष्ठीमा गाउँपालिकाकी उपाध्यक्ष श्री डम्मरी कुमारी विष्ट कलेल, प्रमुख प्रशासकीय अधिकृत शेर बहादुर वुढा, वडा नं. १ देखि ४ सम्मका वडा अध्यक्ष क्रमशः डवल बहादुर वोहरा, प्रेम बहादुर घर्तीमगर, राम बहादुर गुरुङ्ग, गाउँसभाका सदस्य ज्यूहरु, विभिन्न शाखाका शाखा प्रमुख तथा अन्य कर्मचारीहरु, वडा सचिव तथा गाउँपालिकामा कार्यरत राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुख तथा अन्य कर्मचारी, संचारकर्मीहरु लगायतका अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो । सोही बमोजिम गाउँपालिकाको सभाहलमा आयोजना गरेको वार्षिक प्रगति समिक्षा गोष्ठीको समग्र गतिविधिलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

कार्यक्रमको उद्देश्य :-

१. बडीकेदार गाउँपालिका डोटीको सामाजिक जिम्मेवारी त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने ।

२. गाउँ विकास योजनालाई सहयोग पुऱ्याउन गाउँपालकामा कार्यरत गै.स.स.हरुले सम्पादन गरेका कार्यक्रम, उपलब्धीको वारेमा समिक्षा गर्ने ।

३. समिक्षा कार्यक्रम कार्यक्रममा सहभागि सरोकारवालाहरुले दिएको सुझाव, सल्लाहको आधारमा आगामी दिनको लागि सुधारको योजना वनाउने ।

**कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धी :**

१. समिक्षा कार्यक्रम कार्यक्रममा सहभागिहरुले दिएको सल्लाह सुझावको आधारमा सुधारको योजना वन्नेछ ।

२. बडीकेदार गाउँपालिका, डोटी र गाउँ विकास योजनालाई सहयोग पुऱ्याउन कार्यरत सरकारी तथा गै.स.स.हरुले गरेको प्रयास र प्राप्त उपलब्धीको लेखा जोखा भएको हुनेछ ।

३. वार्षिक प्रगति समिक्षा कार्यक्रमलाई संस्थागत गर्न सरोकारवालाबाट सुझाव प्राप्त भई गाउँपालिकाबाट प्रतिवद्धता व्यक्त भएको हुनेछ ।

**छलफलमा प्राप्त जिज्ञासा, सल्लाह तथा सुझावहरु :-**

हरेक शाखाको प्रगति प्रस्तुतिकरण पछि छलफलका लागि उपलब्ध गराईएको समयमा कार्यक्रममा उपस्थित अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु लगायतका तर्फबाट जिज्ञासा तथा सुझाव प्रस्तुत भएको थियो । समीक्षा कार्यक्रममा गाउँपालिकाको वार्षिक प्रगति तथा सो उपर व्यापक छलफल भएको थियो । प्रस्तुत कार्यालय तथा गै.स.स.हरुका सम्पूर्ण कार्यक्रमहरु उपर छलफल हुँदा निम्न जिज्ञासा, सल्लाह र सुझावहरु प्राप्त भएका थिए :-

१. खाद्यान्य तथा तरकारी, नगदेवालीका लागि उव्जाउ भूमि भएको सेती नदीका किनाराका फाँटहरु सिचाई सुविधा र जनचेतना अभिवृद्धिका माध्यमले उत्पादनमा वृद्धि ल्याई उत्पादनलाई वजारसंग जोड्न आवश्यक छ ।

२. वार्षिक समीक्षा कार्यक्रमहरुमा सम्बन्धित उपभोक्ताहरुको पनि उपस्थिति भएमा समीक्षा प्रभावकारी हुने भएकोले आगामी समीक्षामा उपस्थित गराउने ।

३. महिला सशक्तिकरण र समावेशीकरणका कार्यक्रम सवै वडाहरुमा सञ्चालन हुनु पर्ने ।

४. महिला तथा बालबालिका कार्यालयको बालबालिका तर्फको कार्यक्रम नरहेको पाईएकोले वालवालिका क्षेत्रमा पनि कार्यक्रम रहनु पर्ने ।

५. कृषि सहकारीको प्रवर्द्धन गरी सामुदायिक र सहकारी खेती र व्यवसायिकीकरण एवं वजारीकरण गर्नु पर्ने ।

६. कृषि र सिंचाई वीच समन्वयमा प्रभावकारी वनाई कृषि उत्पादनमा अभिवृद्धि गर्ने ।

७. वजारको माग र स्थानीय आवश्यकता अनुसार उद्यमशीलता विकास तालिम कार्यक्रमलाई अझ विस्तार गर्नु पर्ने ।

८. स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराईने सेवालाई प्रभाभकारी वनाउनु पर्ने, निःशुल्क उपलब्ध हुने औषधीहरुको सूची सवैले देख्ने ठाउँमा स्वास्थ्य सुंस्थामा राख्ने र औषधीको उपलब्धताको प्रत्याभूति दिने ।

९. योजना तथा कार्यक्रमहरुको स्थानीयस्तरको अनुगमनलाई प्रभावकारी वनाउने र संयुक्त अनुगमनलाई निरन्तरता दिने ।

१०.कतिपय कार्यक्रमको चालु खर्च तर्फको भार अत्याधिक देखिएकोले चालु खर्च न्यूनिकरण र पूँजीगत/कार्यक्रमको खर्चमा वढोत्तरी गर्न आवश्यक छ ।

१२. मागको आधारमा विकास कार्यक्रम सञ्चालन हुनु पर्ने र सडक नपुगेको स्थानमा सकड पुऱ्याउने नीति तथा कार्यक्रम आउनु पऱ्यो ।

१३. कार्यक्रम छर्नु भन्दा परिवर्तनको अनुभूति हुने गरी कार्यक्रमको केन्द्रीकरण गर्नु पऱ्यो ।

१४. भौतिक पूर्वाधार कार्यक्रमहरुको अनुगमनलाई अझ प्रभावकारी वनाउने र कार्यक्रमको दोहोरोपना होईन परिपूरकता हुनुपऱ्यो ।

१५. राम्रो काम गर्ने संस्था र कर्मचारीलाई पुरस्कृत गर्नु पऱ्यो ।

१६. समीक्षा कार्यक्रममा सेवाग्राहीहरुको प्रतिनिधिमूलक उपस्थिति हुँदा समीक्षा अझ प्रभावकारी हुने ।

१७.नागरिक समाज, पत्रकार जस्ता सचेत वर्गले योजना तथा कार्यक्रमको अन्त्यमा भन्दा कार्यान्वयनका शुरुवाती चरण देखि नै सचेत गराउन गर्न राम्रो हुने ।

१८. कार्यक्रमहरुको चौमासिक रुपमा समीक्षा हुँदा अझ प्रभावकारी हुने ।

१९. समीक्षामा प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्न सम्बन्धित सवै पक्षलाई अनुरोध गर्ने ।

**छलफलको निश्कर्ष :-**

१. बडीकेदार गाउँपालिकाको कार्यालय, डोटीका अध्यक्ष श्री भैरव बहादुर साउदको आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा संचालित योजना/आयोजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा सम्पन्न भयो । साथै उक्त समिक्षा गोष्ठीमा पदाधिकारीहरु तथा कार्यरत सवै कर्मचारीहरुको पूर्ण सहभागिता रह्यो ।

२. आफ्नो शाखा, वडा कार्यालयको प्रस्तुतिकरण गर्नु भएको थियो साथै प्रस्ततिकरणमा उठेका जिज्ञासाहरुको सम्बन्धित शाखा तथा वडा सचिवले जवाफ दिनु भएको थियो । उक्त जिज्ञासाहरु बडीकेदार गाउँपालिकाको ध्यानाकर्षण भएको कुरा जानकारी गराउदै गाउँपालिकाले आगामी वर्षहरुमा विभिन्न तहहरुबाट अपेक्षा गरिएका विषयहरु वार्षिक कार्यक्रममा समेट्ने प्रतिवद्धता गर्नु भएको थियो ।

३. गाउँपालिकामा संचालन गरिने विकास व्यवस्थापनका कार्यक्रमहरु जनगुनासो नआउने गरी स्थानीय जनताको आवश्यकताहरुको प्राथमिकरण गरी प्ाथमिकताको आधारमा अधिकतम् सन्तुष्टी हुने गरी संचालन एवं सम्पन्न गर्ने व्यवस्था सवै सरोकारवालाहरुले मिलाउने सुझाव दिईयो ।

४. गै.स.स.का कार्यक्रमहरुमा दोहोरोपन कायम रहेकाले त्यसलाई हटाउनु पर्ने ।

५. गाउँपालिका तथा गै.स.स.का कार्यक्रमहरुमा समन्वय र सहकार्यको अभाग देखिएकाले त्यसलाई हटाई समन्वयमा वढाउनु पर्ने ।

६. समुदायमा संचालन भएका कृयाकलापबाट आएका सकारात्मक परिवर्तनको दस्तावेजीकरण गर्नु पर्ने साथै सर्वपक्षिय अनुगमन गराउनु पर्ने ।

गोष्ठीमा बडीकेदार गाउँपालिकाको कार्यालय लगायत विभिन्न विषयगत शाखाहरु, वडा कार्यालयहरुले आफ्नो शाखा वा कार्यालयले सम्पादन योजना तथा कार्यक्रमहरु एवं क्रियाकलापको कार्य प्रगति एवं प्रतिफल र सो बाट प्राप्त उपलब्धी एवं कार्यक्रम कार्यान्वयनको क्रममा आई पर्ने समस्याहरु वारे प्रस्तुतीकरण गरेको थिए । प्रस्तुतीकरणको अन्त्यमा पेश भएका विषयहरुको वारेमा विभिन्न जिज्ञासाहरु प्रस्तुत भएका र सो वारे सम्वद्ध शाखा प्रमुखहरु एवं जिम्मेवार पदाधिकारीहरुबाट स्पष्ट पारिएको थियो ।

समीक्षा गोष्ठीको समापन गर्दै गाउँपालिका अध्यक्ष श्री भैरव बहादर साउँदले गोष्ठीमा प्राप्त सुझाव एवं मार्गदर्शनलाई आत्मसात गर्ने प्रतिवद्धता व्यक्त गर्दै आफ्नो-आफ्नो व्यस्त समयलाई व्यवस्थापन गर्दै गोष्ठीमा उपस्थित सवै पदाधिकारी ज्यूहरु तथा कर्मचारीहरुलाई प्रति आभार व्यक्त गर्नु भयो ।

## शाखा अनुसारको प्रगति विवरण

# आर्थिक प्रशासन शाखा

क.प्रस्तावित आम्दानी, वास्तविक निकासा, र वास्तविक खर्च

| विवरण | प्रस्तावित वार्षिक वजेट | वास्तविक निकासा | वास्तविक खर्च | खर्च प्रतिशत (प्रस्तावित वजेटका आधारमा) | खर्च प्रतिशत (निकासाका आधारमा) |
|---|---|---|---|---|---|
| चालु खर्च | ३५,१२,२६,०००।० | ३०,७३,३७,०००।० | २७,९२,२६,०००।० | ७९।५० | ९०।८५ |
| पूँजीगत खर्च | १२,१७,१५,०००।० | ९,७१,८२,०००।० | ९,२९,८८,०००।० | ७६।०९ | ९५।६८ |
| जम्मा | ४७,२९,४१,०००।० | ४०,४५,१९,०००।० | ३७,२२,१४,०००।० | ७८।७० | ९२।०१ |

वजेट शिर्षकगत वित्तिय प्रगति (आम्दानी तथा खर्च विवरण)

| सि.नं | वजेट शिर्षक | वार्षिक वजेट | | | निकासा | | | खर्च | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत |
| १ | संघीय समानीकरण अनुदान | ६१,८४,०००।० | ७,३४,१६,०००।० | ७,९६,००,०००।० | ५३,००,०००।०० | ६,४३,७७,०००।० | ६,९६,७७,०००।०० | ५०,४२,०००।०० | ६,१७,८६,०००।०० | ६,६८,२८,०००।०० | ९५ | ९६ |
| २ | संघीय सशर्त अनुदान | १८,२७,६८,०००।० | १,०,००,०००।० | १८,३७,६८,०००।० | १७,५३,७४,०००।० | १०,००,०००।० | १७,६३,७४,०००।०० | १५,९८,०१,०००।० | ९,९०,०००।०० | १६,०७,९१,०००।०० | ९१ | ९९ |
| ३ | संघीय सरकार विशेष अनुदान | १,००,००,०००।० | ० | १,००,००,०००।० | ७५,५८,०००।० | ० | ७५,५८,०००।०० | ७५,५१,०००।०० | ० | ७५,५१,०००।०० | १०० | ० |
| ४ | संघीय समपुरक अनुदान | ० | ९५,००,०००।० | ९५,००,०००।० | ० | ७०,२१,०००।० | ७०,२१,०००।० | ० | ७०,२१,०००।०० | ७०,२१,०००।०० | ० | १०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सु.प. समानीकरण अनुदान | ५६,०८,०००।० | १०,००,०००।० | ६६,०८,०००।० | ५६,०८,०००।०० | १०,००,०००।० | ६६,०८,०००।०० | ५१,९४,०००।०० | ३,९९,०००।०० | ५५,९३,०००।०० | ९३ | ३९।९ |
| ६ | सुदुरपश्चिम प्रदेश सशर्त अनुदान | २६,३०,०००।० | १,३५,००,०००।० | १,६१,३०,०००।० | ४,७५,०००।०० | १,०१,७७,०००।० | १,०६,५२,०००।०० | ४,६७,०००।०० | ९७१५,०००।०० | १,०१,८२,०००।०० | ९८।३ | ९५।४६ |
| ७ | सु.प. विषेश अनुदान | ० | ६०,००,०००।० | ६०,००,०००।० | ० | ५८,२०,०००।० | ५८,२०,०००।० | ० | ५७६९,०००।० ० | ५७६९,०००।० | ० | ९९।१२ |
| ८ | सु.प. समपुरक अनुदान | ० | ५,०००,०००।०० | ५,०००,०००।०० | ० | १,५०५,०००।०० | १,५०५,०००।०० | ० | ९९७०००।०० | ९९७०००।०० | ० | ६६।२५ |
| ९ | सु.प. राजस्व बाँडफाँड | ३,१०५,०००।०० | ० | ३,१०५,०००।०० | २,९३०,०००।०० | ० | २,९३०,०००।०० | ३५४,०००।०० | ० | ३५४,०००।०० | १२।१ | ० |
| १० | संघीय राजस्व बाँडफाँड | ९५,६४९,०००।०० | १,०००,०००।०० | ९६,६४९,०००।०० | ७२,२०१,०००।०० | ४२९,०००।०० | ७२,६३०,०००।०० | ७१,६००,०००।०० | ४२९,०००।०० | ७२,०२९,०००।०० | ९९।२ | १०० |
| ११ | आन्तरिक आम्दानी (रजिष्ट्रेशन दस्तुर मालपोत कार्यालय) | १६६,०००।०० | ० | १६६,०००।०० | १६६,०००।०० | ० | १६६,०००।०० | ६२,०००।०० | | ६२,०००।०० | ३७।४ | ० |
| १२ | आन्तरिक श्रोत र अ.ल्या. | ४५,११६,०००।०० | ११,२९८,०००।०० | ५६,४१४,०००।०० | ३७,७२२,०००।०० | ५,८४८,०००।०० | ४३,५७०,०००।०० | २९,१४९,०००।०० | ५,८७८,०००।०० | ३५,०२७,०००।०० | ७७।३ | १००।५ |
| | जम्मा | ३५१,२२६,०००।०० | १२१,७७५,०००।०० | ४७२,९४२,०००।०० | ३०३,७३७,०००।०० | ९७१८२,०००।०० | ४०४,५१९,०००।०० | २७७,२२६,०००।०० | ९२,९८८,०००।०० | २७२,२१४,०००।०० | ९१।९ | ९५।६८ |

## प्रशासन शाखा

स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था

| क्र.स. | पद | पदपूर्तिको अवस्था | | |
|---|---|---|---|---|
| | | संख्या | पदपूर्ति | रिक्त पद |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | ० |
| २ | ईन्जिनिअर | १ | १ | ० |
| ३ | शिक्षा अधिकृत | १ | १ | ० |
| ४ | लेखा अधिकृत | १ | ० | १ |
| ५ | प्रशासन अधिकृत | २ | १ | ० |
| ६ | आ.ले.प. | १ | ० | १ |
| ७ | प्रशासन सहायक पाँचौ | ६ | ३ | ३ |
| ८ | कम्प्युटर | १ | १ | ० |
| ९ | लेखा सहायक पाँचौ | १ | १ | ० |
| १० | प्राबिधिक सहायक शिक्षा | १ | १ | ० |
| ११ | हे.अ. | १ | १ | ० |
| १२ | सब ईन्जिनिअर | ३ | २ | १ |
| १३ | स. महिला विकासनिरिक्षक | १ | ० | १ |
| १४ | खा.पा.स.टे. | १ | १ | ० |
| १५ | कृषि अधिकृत | १ | ० | १ |
| १६ | प्रा.स. कृषि | २ | २ | ० |
| १७ | ना.प्रा.स. | १ | १ | ० |
| १८ | अधिकृत भेट | १ | ० | १ |
| १९ | प.स्वा.प्रा. पाँचौ | २ | २ | ० |
| २० | पोडेडे/प.हे.प्रा.पाँचौ | १ | १ | ० |
| २१ | ना.प्रा.स्वा.प्रा.चौथो | २ | २ | ० |
| २२ | ल्या पो डे डे, ना.प.से.प्रा. चौथो | २ | २ | ० |
| २३ | अ. सब ईन्जिनिअर | ४ | २ | २ |
| २४ | प्रशासन् सहायक चौथो | २ | २ | ० |
| २५ | कार्यालय सहयोगी | ३ | १ | २ |
| | जम्मा | ४३ | २९ | १४ |

१. कर्मचारी पदपूर्ति सम्बन्धी कार्यहरु :

क. प्रदेश लोक सेवा आयोगको पत्रानुसार रिक्त पदहरुको पदपूर्तिका लागि मागको आकृति फाराम भरि पठाईएको

१. अप्राविधिक सहायक स्तर पाँचौ - ४ जना

२. प्राविधिक सहायक स्तर पाँचौ-१ जना

ख. यस कार्यालयबाट सेवा करारको माध्यमबाट देहाय बमोजिमका पदहरुको विज्ञापन भई नियुक्तिका लागि गाउँपालिकामा सिफारिस गरिएको :

१. किसान सूचीकरण सहजकर्ता छनौट- ७ जना

२. अ.हे.व. सहायक स्तर चौथो- २ जना

३. वैद्य सहायक स्तर चौथो -१ जना

४. एक्जाभेटर अपरेटर- १ जना

५.एक्जाभेटर सहयोगी-१ जना

६.सहायक कम्प्यूटर अपरेटर-१ जनाको लागि खोलिएकोमा २ पटक लिईएको प्रयोगात्मक परिक्षामा कुनै पनि उम्मेदवार सफल नभएकोले नियुक्तिका लागि सिफारिस हुन नसकेको ।

**स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन को नतिजामा बडीकेदार गाउँपालिकाको अवस्था :**

- ❖ आर्थिक वर्ष २०८०।०८१ मा डोटी जिल्लाका ९ वटा स्थानीय तह मध्ये ८१.२५ अंक सहित दोश्रो स्थान
- ❖ सुदूरपश्चिम प्रदेशका ८८ वटा स्थानीय तह मध्ये ११ औं स्थानमा
- ❖ नेपालका ७५३ स्थानीय तह मध्ये संघीय मामिला तथा मासान्य प्रशासनले प्रकाशित गरेको नतिजाका आधारमा ७३२ वटा स्थानीय तहले पेश गरेको विवरणका आधारमा १८१ औ स्थान हासिल गरेको छ

**स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA)**

- ❖ आर्थिक वर्ष २०८०।०८१ मा स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRP) मा ४७ अंक प्राप्त

**उल्लेखनिय कार्यहरु** :

- ❑ गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी वनाउन प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्थापन गरि दैनिक कार्यलाई प्रभावकारी वनाईएको छ ।
- ❑ गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न कार्यविधि, मापदण्ड, नीति, नियम लगायतका विभिन्न कानून निर्माणमा सहयोग गरेको
- ❑ रिक्त विभिन्न पदहरु पदपूर्तिका लागि आवश्यक सहयोग गरिएको ।
- ❑ कार्यपालिका एवं गाउँसभा सम्बन्धी कार्यमा सहयोग गरेको ।
- ❑ वार्षिक प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा पठाउने कार्य गरिएको ।
- ❑ सार्वजनिक सुनुवाई सम्बन्धी आवश्यक प्रगति तयार गर्न सहयोग गरिएको ।
- ❑ वार्षिक वजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन गर्ने गरेको
- ❑ गुरु योजना तथा वार्षिक खरिद योजना तयार गर्ने गरेको

**समस्याहरु :**

- दरवन्दी बमोजिम स्थायी पदपूर्ति नहुनु
- कर्मचारीको क्षमता विकासमा सिमित श्रोत र साधनको कारण प्रयाप्त लगानी गर्न नसकिएको ।
- कर्मचारीहरुलाई समयानुकुल विभिन्न तालिम दिनु पर्ने देखिन्छ ।
- अनुगमन सम्बन्धि लिखित प्रतिवेदनको अभावमा आगामी दिनमा त्यसको प्रभावकारिता हेर्न असजिलो भएको ।
- उपभोक्ता समिति समयमै गठन नहुनु र सम्झौता गर्ने कार्य ठिला हुनु ।

**समाधान :**

- लोक सेवा आयोगबाट स्थायी पदपूर्ति हुनु पर्ने
- समयानुकुल विभिन्न तालिमका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्नु पर्ने ।
- अनुगमन सम्बन्धि लिखित प्रतिवेदन तयार गरि कार्यपालिका वा गाउँसभामा पेश गर्ने व्यवस्था
- गर्नु पर्ने ।
- उपभोक्ता समिति समयमै गठन गरि सम्झौताका लागि गाउँपालिमा पठाउनु पर्ने ।

## राजश्व शाखा

आन्तरिक आम्दानी तर्फ

| सि.नं. | शिर्षक | संकलन केन्द्र | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | गाउँपालिका | १ नं. वडा कार्यालय | २ नं. वडा कार्यालय | ३ नं. वडा कार्यालय | ४ नं. वडा कार्यालय | ५ नं. वडा कार्यालय | |
| १ | सम्पति कर | १०,१४९।२५ | ८,८९५।०० | ४,११७।०० | १८,३६१।०० | १२,७९९।०० | ९,२९३।०० | ६३,६१४।२५ |
| २ | भुमिकर/मालपोत | ९,१४१।२५ | १९४,७१८।४० | ८२,०६७।२५ | १६८,४०५।८५ | १५९,७१४।५० | ११९,९९८।९० | ७३४,०४६।१५ |
| ३ | वहाल कर | २८३,०८१।५१ | २१,१६७।०० | ९०।०० | ६,३७०।०० | ५३०।०० | २००।०० | ३११,४३८।५१ |
| ४ | व्यवसायले भुक्तानी गर्ने | १०८,१५०।०० | ५,४००।०० | ३५,०५०।०० | ६,३५०।०० | १९,३००।०० | २२,३००।०० | १९६,५५०।०० |
| ५ | कृषि तथा पशुजन्य वस्तको व्यवसायिक कारोवारमा लाग्ने कर | २२,१००।०० | | | | | | २२,१००।०० |
| ६ | अन्य कर | ३०४,८५०।०० | २,०००।०० | | १५,६५०।०० | | | ३२२,५००।०० |
| ७ | शिक्षा क्षेत्रको आम्दानी | ६,८२५।०० | | | | | | ६,८२५।०० |
| ८ | परिक्षा शुल्क | १८,६५०।०० | | | | | | १८,६५०।०० |
| ९ | यातायात क्षेत्रको आम्दानी | २७,२३१।०० | | | | | | २७,२३१।०० |
| | अन्य प्रशासनिक सेवा शुल्क | १८४,२९५।०० | | १,७१५।०० | | | | १८६,०१०।०० |
| १० | पार्किङ्ग शुल्क | १००,०००।०० | | | | | | १००,०००।०० |
| ११ | सिफारिस दस्तुर | २९,१५१।०० | ४५,४००।०० | १७,८००।०० | २१,७००।०० | ७४,७५०।०० | १६,०००।०० | २०४,८०१।०० |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७००।०० | १५,०००।०० | १५,१००।०० | ४३,२००।०० | ५१,८००।०० | ३९,७००।०० | १६५,५००।०० |
| १३ | अन्य दस्तुर | १०,५००।०० | ६,३००।०० | १८,४००।०० | २५,९००।०० | १६,६००।०० | २००।०० | ७७,९००।०० |
| १४ | नाता प्रमाणित | २००।०० | ५००।०० | ६००।०० | २००।०० | २००।०० | ३,६००।०० | ५,३००।०० |
| १५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १९,१००।०० | ५६,१२५।०० | ४,५००।०० | १९,६००।०० | ५५०।०० | ९,०००।०० | १०८,८७५।०० |
| १६ | अन्य क्षेत्रको आय | ०।०० | | | | २००।०० | | २००।०० |
| १७ | अन्य राजश्व | १८,०००।०० | | | | | | १८,०००।०० |
| १८ | व्यवसाय कर | १,३१९,५२८।०० | | ४,२५०।०० | | | ५,०००।०० | १,३२८,७७८।०० |
| १९ | वेरुजु असुली | १५८,५५९।०० | | | | | | १५८,५५९।०० |
| | **जम्मा** | २,६३०,२११।०१ | ३५५,५०५।४० | १८३,६८९।२५ | ३२५,७३६।८५ | ३३६,४४३।५० | २२५,२९१।९० | ४,०५६,८७७।९१ |

# भौतिक पूर्वाधार योजना तथा अनुगमन शाखा

ख.भौतिक प्रगति (सारांश)

| क्र.स. | कार्यक्रम | | वार्षिक प्रगती (भौतिक ) | | | |
|---|---|---|---|---|---|---|
| | | | इकाई | लक्ष्य | प्रगती | प्रगति प्रतिशत |
| १ | सडक | सडक स्तरउन्नति | कि.मि | ३४५ | ३३९ | ९८.२६ |
| | | नयाँ ट्र्याक खोल्ने | कि.मि | ५०.८६० | ४४.८२३ | ८८.१३ |
| २ | भवन | सुरक्षित आवास घर परिवार | संख्या | ९१ | ९१ | १०० |
| | | जस्तापाता वितरण | संख्या | १८४६ | १८४६ | १०० |
| | | भवन निर्माण क्रमागत | प्रतिशत | १०० | ५० | ५० |
| ३ | भोलङ्गे पुल | झोलुङ्गे पुल निर्माण | संख्या | २ | १ | ५० |
| | | कल्भर्ड निर्माण | संख्या | १ | १ | १००.० |
| | | मर्मत | संख्या | ० | ० | ०.००० |
| ४ | खानेपानी | खानेपानी योजना | संख्या | ४ | ४ | १०० |
| | | पाइपलाइन विस्तार | कि.मि. | १७.९६७ | १८.१०८ | १००.७८ |
| | | पाइप खरिद | कि.मि. | १८.९०० | १८.९०० | १०० |
| | | न्वाला निर्माण | संख्या | २ | २ | १०० |
| | | खानेपानी इन्टेक निर्माण | संख्या | १५ | १५ | १०० |
| | | R.V.T ट्यांकी निर्माण | कि.मि | ४ | ४ | १०० |
| | | धारा निर्माण | संख्या | ७ | ७ | १०० |
| ५ | नदी नियन्त्रण | ग्याबिन जाली | संख्या | ५१ | ५१ | १०० |
| | | वाल निर्माण | मिटर | | | |
| ६ | जलविधुत तथा वैकल्पिक उर्जा | सौर्य बत्ति। विध्युत मर्मत | संख्या | | | |
| | | सोलार वितरण | संख्या | | | |
| ७ | सिंचाई | सिंचाई पोखरी निर्माण | संख्या | ४ | ४ | १०० |
| | | सिंचाई कुलो/नहर निर्माण | मि. | २९४ | २९४ | १०० |
| | | सिचाइ पाइप | कि.मि. | २.६५० | २.६५० | १०० |
| ८ | शिक्षा | नयाँ विद्यालय भवन निर्माण सम्पन्न | संख्या | ८ | ८ | १०० |
| | | Toilet निर्माण | संख्या | १ | १ | १०० |
| | | विद्यालय गेट निर्माण | संख्या | १ | १ | १०० |
| | | बिद्यालय भवन मर्मत / रंगरोगन | संख्या | १० | १० | १०० |
| | | खेल मैदान निर्माण | मिटर | २४९ | २४९ | १०० |
| | | घेरवार | मिटर | १९५ | १९५ | १०० |
| | | आवासीय विद्यालय सहयोग | संख्या | २ | २ | १०० |
| | | वाल विकास सहयोग | संख्या | | | #DIV/0! |
| ९ | पशु | बाख्रा खोर निर्माण | संख्या | १ | १ | १०० |
| १० | स्वास्थ्य | भवन मर्मत/रंगरोगन।व्यवस्थापन | संख्या | ४ | ४ | १०० |
| | | भवन निर्माण | प्रतिशत | १०० | ७५ | ७५ |
| ११ | संस्कृति पर्यटन | मन्दिर निर्माण | संख्या | ६ | ६ | १०० |
| १२ | विविध | अन्य कार्यक्रम | संख्या | १० | १० | १०० |
| १३ | सिडी निर्माण | सिडी निर्माण | मि. | ८८ | ८८ | १०० |

**सडक मर्मत तथा सरसफाई सम्पन्न भएका सडक आयोजनाहरु :**

वडागत सडक मर्मत तथा सरसफाई सम्पन्न भएका सडक आयोजनाहरुको सारांश :

१. वडा नं. १ मा विभिन्न १३ वटा सडकहरुको सरसफाई कार्य जम्मा - ५५.९०० कि.मी.

२. वडा नं. २ मा विभिन्न ९ वटा सडकहरुको सरसफाई कार्य जम्मा - ५५.९०० कि.मी.

३. वडा नं. ३ मा विभिन्न १३ वटा सडकहरुको सरसफाई कार्य जम्मा - १०४.७२ कि.मी.

४. वडा नं. ४ मा विभिन्न ६ वटा सडकहरुको सरसफाई कार्य जम्मा - ३१.४०० कि.मी.

५.वडा नं. ५ मा विभिन्न ९ वटा सडकहरुको सरसफाई कार्य जम्मा - ४६.७०० कि.मी

**कृषि सडक सरसफाई वडा न. ०१**

| क्र.स. | सडकको नाम | एकाई | लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १ | सुवाखान देवली सडक | कि.मि. | ७.००० | |
| २ | देवली देखी कोला सडक | कि.मि. | २.५०० | |
| ३ | देवली देखी पारि रिसेडी सडक | कि.मि. | ६.७०० | |
| ४ | रिसेडी पातल सडक | कि.मि. | ८.५०० | |
| ५ | रिसेडी थला सडक | कि.मि. | ६.००० | |
| ६ | वडा कार्यालय जाने सडक | कि.मि. | ०.५०० | |
| ७ | रिसेडी देखि बिपिनगर सडक | कि.मि. | ९.३०० | |
| ८ | पाल्चीउरी सडक | कि.मि. | ०.८०० | |
| ९ | टुडकट्टे जाने सडक | कि.मि. | २.४०० | |
| १० | धामीगाउँ बेरबाटा सडक | कि.मि. | ५.६०० | |
| ११ | चिने मुडा रजेडा सडक | कि.मि. | ४.४०० | |
| १२ | गुजैल जाने सडक | कि.मि. | १.००० | |
| १३ | अलाडी जाने सडक | कि.मि. | १.२०० | |
| जम्मा | | | ५५.९०० | |

**कृषि सडक सरसफाई वडा न. ०२**

| क्र.स. | सडकको नाम | एकाई | लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १ | नेटेखान सडेखान सडक | कि.मि. | ६.००० | |
| २ | सडेखान चर्केन सडक | कि.मि. | ४.७०० | |
| ३ | बराउ सडक | कि.मि. | ५.८०० | |
| ४ | पुट्केपानि सडक | कि.मि. | ३.२०० | |
| ५ | बर्छेन गाउ सडक | कि.मि. | १.५०० | |
| ६ | सडेखान खरहर हुदै बिजुलि घर सम्म | कि.मि. | ११.००० | |
| ७ | पातल पुरान सडक | कि.मि. | १.२०० | |
| ८ | सडेखान सैनेरि हुदै सिर्सि तारि | कि.मि. | १५.००० | |
| ९ | बर्छेन पुरान सडक | कि.मि. | ७.५०० | |
| | जम्मा | | ५५.९०० | |

**कृषि सडक सरसफाई वडा न. ०३**

| क्र.स. | सडकको नाम | काम गरेको दुरि (किमिमा) | कैफियत |
|---|---|---|---|
| १ | बागछेडा- चवला सडक | १२.५० | |
| २ | सुनालेक- बग्र सडक दुई पटक गएको | ३०.३० | |
| ३ | बग्र- सेलाने सडक दुई पटक गएको | १६.४० | |
| ४ | मुलेचौर-ओखलढङ्गा सडक | ५.६० | |
| ५ | चवला- लटालि सडक | ३.०० | |
| ६ | चवला- खेत सडक | २.३० | |
| ७ | भैरव आ वि जाने सडक | ०.०२ | |
| ८ | चवला- धारापानि सडक | १.२० | |
| | जम्मा | ७१.३२ | |
| भाडा मेसिन ( परिणाम घण्टामा) | | | |
| १ | सुनालेक- बग्र सडक | १३.१० | |
| २ | सेलाने- ओखलढुङ्गा सडक | ५.६० | |
| ३ | सेलाने-देवल सडक | ८.४० | |
| ४ | सेलाने-देउथान सडक | १.८० | |
| ५ | बागछेडा-पातल सडक | ४.५० | |
| | जम्मा | ३३.४० | |

**कृषि सडक सरसफाई वडा न. ०४**

| क्र.स | सडकको नाम | एकाई | लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १) | खड्योली बरालगाऊ सडक | के.मि | २१.०० | |
| २) | जुनि बजाड भुज्याली सडक | के.मि | ३.०० | |
| ३) | जुनि बनेरी सडक | के.मि | २.७५ | |
| ४) | चौकाडांडा पुन्तडा सडक | के.मि | १.५० | |
| ५) | काउले रनुकाडां सडक | के.मि | २.०० | |
| ६) | स्कुल देखि रनुकाडां गांऊ सडक | के.मि | १.१५ | |
| | जम्मा | | ३१.४०० | |

**कृषि सडक सरसफाई वडा न. ०५**

| क्र.स. | सडकको नाम | एकाई | लम्बाई | कैफियत |
|---|---|---|---|---|
| १ | अतरकडा केदारमंडू सडक | कि.मि. | २३.००० | |
| २ | डमशिला सुनडा सडक | कि.मि. | ०.९०० | |
| ३ | मार्कोट थानकोट सडक | कि.मि. | ५.००० | |
| ४ | मार्कोट कुनथला सडक | कि.मि. | ०.७०० | |
| ५ | अतरकडा दुदिला सडक | कि.मि. | ३.००० | |
| ६ | अतरकडा केदार सडक | कि.मि. | ३.९०० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | चौरीखान केदारमंडू सडक | कि.मि. | ५.००० | |
| ८ | रंतोला नाना देखिं बबनगाउ सडक | कि.मि. | ४.००० | |
| ९ | केदारमंडू स्कुल जानेसडक | कि.मि. | १.२०० | |
| | जम्मा | | ४६.७०० | |

## शिक्षा युवा तथा खेलकुख शाखा

- नेपाल सरकारबाट अनुमति प्राप्त पालिकामा सञ्चालित ६ वटा माध्यमिक विद्यालयको कक्षा ९-१० मा अंग्रेजी,गणित र विज्ञान विषयका विषय शिक्षक व्यवस्थापन गर्ने कार्यलाई पूर्णता दिई शिक्षक नियुक्ति तथा पदस्थापन गर्ने कार्य सम्पन्न गरिएको छ।
- पालिकामा सञ्चालित आधारभूत तह कक्षा ६-८ मा अंग्रेजी, गणित र विज्ञान विषयको विषयगत शिक्षक नभएका ६ वटा विद्यालयलाई पालिकाबाटएकमुष्ट अनुदान व्यवस्थापन गरी शिक्षक व्यवस्थापन गरिएको छ।
- गाउँपालिकाको १० बर्षे शिक्षा योजनालाई कार्यन्वयन योग्य र आवश्यकतामा आधारित बनाउनको शिक्षा योजना अध्यावधिक कार्य सम्पन्न गरेको ।
- शैक्षिक गुणस्तर सुदृढीकरणमा आधारित कार्यक्रम विशेष अनुदान अन्तरगत पालिकामा सञ्चालित १९ वटा ICT ल्याव सामग्री नभएका आधारभूत विद्यालयलाई ल्यापटप, डेस्कटप, प्रिन्टर र प्रोजेक्टर वितरण गरी सूचना तथा प्रविधीलाई कक्षाकोठा सिकाइसँग जोड्ने कार्यको थालनी गरिएको।
- शैक्षिक गुणस्तर सुदृढीकरणमा आधारित कार्यक्रम अन्तरगत ११ वटा विद्यालयमा शैक्षिक सूचनामूलक भित्ते लेखन कार्य सम्पन्न भएको छ भने १७ वटा बालविकास केन्द्रमाको लागि शैक्षिक सामग्री व्यवस्थापन गरिएको छ।
- शैक्षिक गुणस्तर सुदृढीकरणमा आधारित कार्यक्रममा रही ३ वटा विद्यालयमा पुस्तकालय स्थापना र २ वटा विद्यालयको लागि विज्ञान प्रयोगशाला सामग्री व्यवस्थापन गरिएको छ भने १ वटा विद्यालयलाई ICT ल्याव सहितको पुस्तकालय व्यवस्थापन गरिएको छ।
- पालिकामा सञ्चालित सबै विद्यालय तथा बालविकास केन्द्रको लागि बार्षिक कार्यक्रम कार्यविधी २०८१ अनुसार विद्यालय दिवाखाजा, निःशुल्क पाठ्यपुस्तक अनुदान, विद्यालय सञ्चालन व्यवस्थापन अनुदान, स्यानिटरी प्याड विवतण र छात्रवृत्ति विवतण लगायतका विभिन्न अनुदानहरु नियमानुसार विद्यालयलाई वितरण गर्ने कार्य गरिएको छ।
- पालिकामा सञ्चालित सामुदायिक विद्यालय र बालविकास केन्द्रको बालविकास कक्षा देखि कक्षा ३ सम्मका विद्यार्थीहरुको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने कार्य सम्पन्न गरिएको।
- पालिकामा कार्यरत विषयगत शिक्षकहरुको विज्ञ समूह निर्माण गरी विद्यालय अनुगमन कार्यको थालनी भएको छ
- पालिकास्तरीय र जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा वडास्तरीय खेलकुद प्रतियोगिता कार्यक्रम सम्पन्न
- बडीकेदार गाउँपालिकाको बडीकेदार सेरोफेरो नामक स्थानीय पाठ्यक्रम कक्षा १-५ मा आधारित पाठ्यपुस्तक छपाई गर्ने कार्य सम्पन्न गरिएको।

## १. आर्थिक बर्ष २०८१/८२ को संघीय सरकाकार हस्तान्त्रित कार्यक्रमको बार्षिक भौतिक तथा आर्थिक प्रगति विवरण

| क्र.स. | कार्यक्रम तथा क्रियाकलाप | स्वीकृतवार्षिक लक्ष्य | | बार्षिक कुल प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | बजेट | वित्तीय |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागितलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगतका ) (कर्मचारीहरु समेत/शिक्षक | १४० | ७४२५८ | १४० | ७३४७६.९८ | ९८.९५ |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागितलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगतका) शिक्षककर्मचारी/,प्राविधिकधारका प्रशिक्षक समेत( | १९ | १२९३७ | १९ | १२८२२.७७ | ९९.१२ |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालयकर्मचारी व्यबस्थापन अनुदान | ९६ | १४२४० | ९६ | १२७२६.१७ | ८९.३७ |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तकअनुदान (मातृभाषाको समेत/स्थानीय विषय) | ४३९५ | ३१२९ | ३२०५ | २४७९.०१ | ७९.२३ |
| ५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २८४१ | ८७५१ | २८४१ | ६५८०.३९ | ७५.२ |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३८ | ३५२५ | ३८ | २५५४.५ | ७२.४७ |
| ७ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षाकार्यक्रम परम्परागत विद्यालय), वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाकाकार्यक्रम समेत( | ४ | १२५० | ४ | १२०० | ९६ |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितप्रोत्साहन अनुदान | ५६ | २६४५ | ५६ | १४९१ | ५६.३७ |
| ९ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याडब्यवस्थापन | ८२७ | ९६८ | ८२७ | ३२१ | ३३.१६ |
| १० | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षणमुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ५६ | १४८३ | ५६ | ६७२.१६ | ४५.३२ |
| ११ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइयोजना )ReAL) कार्यान्वयन | ५६ | ४०० | ५६ | २९६.२४ | ७४.०६ |
| १२ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका -६कक्षा )१२ माअध्ययनरतछात्रवृत्ति विद्यार्थीका लागि ( | २०८ | २३९४ | २०४ | १४२२ | ५९.४ |
| १३ | माध्यमिक तह कक्षा (१०-९)मा अंग्रेजी,गणित र विज्ञान विषयमाशिक्षण सहयोग अनुदान | १६ | १०४०३ | १६ | ८०८६.६४ | ७७.७३ |
| १४ | आधारमुत तह कक्षा मा अंग्रेजी (८-६),गणित र विज्ञान विषयमा शिक्षणसहयोग अनुदान | ७ | ३२३० | ७ | ३१५१.७१ | ९७.५८ |
| १५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइसमाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ४४९१ | १२६० | ४४९१ | ११२१.१५ | ८८.९८ |
| १६ | CTEVTको मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षासञ्चालन अनुदान | १ | ७०० | १ | ७०० | १०० |
| १७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय( | १२२४ | १५३६ | ११८१ | १३५९.४ | ८८.५ |
| | कुल | १४४७५ | १४३१०९ | १३२३८ | १३०४६१.११ | ९१.१६ |

## २. आर्थिक बर्ष २०८१/८२ को गा.पा. सामानिकरणकार्यक्रमकोबार्षिक भौतिक तथा आर्थिक प्रगति विवरण ( शिक्षा)

| क्र.स. | कार्यक्रम तथा क्रियाकलाप | स्वीकृत वार्षिक लक्ष्य | | बार्षिक कुल प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | बजेट | भौतिक | वित्तीय |
| १ | गाउँपालिका करारशिक्षक तथा बालविकास सहजकर्ता तलब भत्ता | ३९ | ११९३४ | ३९ | १०८०५.२ | १०० | ९७.०५ |
| २ | बालविकास शिक्षक, विद्यालय लेखापाल र कार्यालय सहयोगी थप तलब भत्ता | ९६ | ८८४९ | ९६ | ८८४९.४ | १०० | १०० |
| ३ | शिक्षा समितिकापदाधिकारी वैठक भत्ता तथा खाजा खर्च | १० | १०० | १० | ५१.६५ | ९५ | ५१.६५ |
| ४ | पालिकामा सञ्चालितविद्यालयका प्रहरुको मासिक वैठक भत्ता.अ., आतेजाते र खाजा खर्च | ३८ | ३२० | ३८ | २७६.१४ | ७५ | ८६.२९ |
| ५ | राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता सञ्चालन (र जिल्लास्तरमा पालिका ) | ९ | ८५० | ९ | ८३७ | ५० | ९८.४७ |
| ६ | शुन्य दरबन्दी वा एकमात्र दरबन्दी भएका आधारभूत विद्यालय -६कक्षा )८ ( लाई अंग्रेजी, गणित रविज्ञान विषय शिक्षण अनुदान | ६ | १२०० | ६ | १२०० | १०० | १०० |
| ७ | वडास्तरीय खेलकुदप्रतियोगिता सञ्चालन | ५ | ५०० | ५ | ५०० | १०० | १०० |
| ८ | पालिकास्तरीय कक्षा ८र SEE परीक्षामा उत्कृष्ट छात्र छात्रा पुरस्कार र उत्कृष्ट/ शिक्षक पुरस्कार | ५ | ३०० | ४ | १८० | ८० | ६० |
| ९ | आवासीय विद्यालयसञ्चालन अनुदान | २ | १००० | २ | १००० | १०० | १०० |
| १० | पालिकास्तरीय कक्षा ८को परीक्षा सञ्चालन तथा व्यवस्थापन | ३६४ | ४०० | ३२९ | ३९२.६९ | ४६.७ | ९८.१७ |
| ११ | शैक्षिक योजना निर्माणनिर्माण तथा शैक्षिक क्यालेण्डर छपाई | १ | ५० | १ | ४४.६ | १४०० | ८९.२ |
| १२ | विभिन्न क्लव मार्फतयुवा लक्षित कार्यक्रम | ५ | १०० | १ | १०० | २० | १०० |
| १३ | डम्सिला आडम्सिलाको विद्यालय भवन मर्मत तथा कक्षाकोठा व्यवस्थापन .वि. र रङ्गरोगन | १ | २०० | १ | २०० | १०० | १०० |
| १४ | महन्याल आरनुकाँडा फर्निचर निर्माण तथा कक्षाकोठा व्यवस्थापन अनुदान.वि. | १ | २०० | १ | २०० | १०० | १०० |
| | **कुल** | **५८४** | **२५२०३** | **३८३** | **२४६३६.७** | **६५.५८** | **९७.७५** |

## ३. आर्थिक बर्ष २०८१/८२ को संघीय सरकाकार हस्तान्त्रित विशेष अनुदानकार्यक्रमकोबार्षिक भौतिक तथा आर्थिक प्रगति विवरण

| क्र.स. | आयोजनाकार्यक्रमकोनाम/ | स्वीकृत बजेट | भौतिक लक्ष्य | अन्तिम त्रैमासिक अवधिको प्रगति | | प्रगति प्रतिसत |
|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | |
| १ | दिवसीय अतिरिक्त क्रियाकलाप सञ्चालन | १००००० | १ | १ | ६३६२० | ६३.६२ |
| २ | वालविकास कक्षाको लागि शैक्षिक सामग्रीको खरिद तथा वितरण | ८४०००० | ५४ | १७ | ३४०००० | ४०.४८ |
| ३ | विद्यालय शिक्षक तथा कर्मचारीको क्षमता विकास कार्यक्रम | ५००००० | १५९ | ३८ | १७४०९० | ३४.८२ |
| ४ | सामुदायिक आधारभूत विद्यालयमा पुस्तकालय स्थापना र फिक्सिङ | १२००००० | ३ | ३ | १२००००० | १००.०० |
| ५ | सामुदायिक आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन रफिक्सिङ | ४५०००० | १ | १ | ४५०००० | १००.०० |
| ६ | कक्षा ६ को स्थानीय पाठ्यपुस्तक ५-१को स्थानीय पाठ्यक्रमर कक्षा ८-लेखनतथाछपाई | ७२०००० | ३८ | ३८ | ७००००० | ९७.२२ |
| ७ | सवै विद्यालय र बालविकास केन्द्रमा वालपेन्टिङ कार्यक्रम | ९४३००० | ५४ | ११ | ४५०००० | ४७.७२ |
| ८ | ICT को सुविधा नभएकाविद्यालयलाई सूचान प्रविधीमा आधारित सामग्री वितरण | ४३२०००० | १९ | १९ | ४०००००० | ९२.५९ |
| ९ | विद्यालयका खेल शिक्षकलाई प्रशिक्षण तालिम | ३५०००० | २२ | | २३६९९१ | ६७.७१ |
| १० | गाउँ शिक्षा योजनामा परिमार्जन तथा अध्यावधिक | ७७००० | १ | | ० | ०.०० |
| ११ | अभिभावक शिक्षा कार्यक्रम | ५००००० | ३ | | ० | ०.०० |
| | **जम्मा** | **१०००००००** | | | **७६१४७०१** | ७६.१५ |

## स्वास्थ्य शाखा तर्फ

१) आ.व. २०८१।८२ मा स्वास्थ्य संस्थाहरुको स्वास्थ्य सेवा कार्यक्रमको एकिकृत बार्षिक समिक्षा गोष्ठिका साथै पोषण समिक्षा,क्षयरोग कार्यक्रमको समिक्षा गोष्ठी तथा नियमित मासिक बैठक समिक्षा गोष्ठी सञ्चालन गरियो ।

२) घाङ्गल स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालनका लागि प्रयोगशाला स्थापना गरि सेवा सञ्चालन गरियो ।

३) ४ वटा स्वास्थ्य चौकी,१ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र,९ वटा सामुदायिक स्वास्थ्य सेवा केन्द्र तथा १ वटा आधारभुत अस्पताल बाट ८५३६ जना महिला तथा ६४८२ जना पुरुष गरि जम्मा १५०१८ नया विरामीहरुले स्वास्थ्य सेवा प्राप्त गरेका छन ।

४) पालिका अन्तर्गत १३ वटा गाउँघर क्लिनिक बाट जम्मा २१६८ जनाले स्वास्थ्य उपचार सेवा तथा २१ वटा खोप क्लिनिक बाट १५१० जना वालवालिकाहरुले नियमित खोप सेवा प्राप्त गरेका छन जसमा १७५ जना वालवालिकाले पूर्ण खोप प्राप्त गरेका छन। र पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरियो।

५) पालिका अन्तर्गत ५२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुले १३८८८ जनालाई प्राथमिक उपचार,स्वास्थ्य शिक्षा,परामर्श सेवा प्रदान गरि सेवाको पहुँच तथा उपभोग गराएका छन।

६) सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत ९ वटा बर्थिङ सेन्टरबाट १०८ जना गर्भवती महिलाहरुले सुत्केरी सेवा प्राप्त गरेका छन जस अन्तर्गत १०८ जनालाई २००० का दरले यातायात खर्च र ८३ जना गर्भवती जाँच बाफत ८०० का दरले प्रोत्साहन रकम वितरण गरियो । यसका साथै ४३ जना महिलाहरुले सुरक्षित गर्भपतन सेवा प्रदान गरियो ।

७) पहिलो पटक आईरन तथा जुकाको औषधी खाने गर्भवती महिला १३७ जना छन भने १८० आईरन चक्की तथा क्याल्सियम खाने महिला ९८ जना रहेका

८) ५ जना दिर्घरोगीहरुले पाउने मासिक उपचार खर्च वितरण गरिएको छ।

९) वडा न. ०३ घाङ्गल स्वास्थ्य चौकी,वडा न. ०४ मान्नाकापडी स्वास्थ्य चौकी तथा वडा न. ०५ रन्तोला सामुदायिक स्वास्थ्य ईकाइ गरि ३ स्थानमा प्रजनन स्वास्थ्य शिबिर सञ्चालन गरियो जसमा २०८ जना महिलाहरुले स्वास्थ्य उपचार सेवा प्रप्त गरेका छन ।

१०) यस आ.व. मा पालिका अन्तर्गतका ५ वटा वडा स्तरमा आँखा तथा कान शिविर सञ्चालन गरियो जसमा ९९५ जनाको आँखाको जाँच र ९० जनाको आँखाको सल्यक्रिया गरि उपचार गरियो। यसका साथै कान शिविरमा ३६४ जनाको जाँच तथा उपचार गरिनुका साथै ६० जनाको सल्यक्रिया गर्नुपर्ने र ६२ जनालाई श्रवण यन्त्रको आवश्यक पर्ने स्क्रनिङमा देखियो।

११) पालिका स्तरको आधारभुत अस्पतालमा एक्स रे सञ्चालनका लागि एक्स रे मसिन खरिद तथा ल्याव सेवा सञ्चालनका लागि ल्याव सामाग्रीको उपलब्ध गराईयो ।

१२) यस आ.व. मा ११९३ जनालाई कोभिड खोप सेवा तथा ७७६ जना किशोरीहरुलाई एच.पि.भी. सेवा प्रदान गरियो ।

१३) पालिका अन्तर्गतका प्रत्येक आमा समुहमा २ पटक पोषण लेखाजोखा अभियान समुदाय स्तरमा सञ्चालन गरियो ।

## कृषि विकास शाखा

- बडीकेदार गा.पा कृषि विकास शाखामा जम्मा १३२ बटा कृषक समूह दर्ता गरिएको।
- GIZर बडीकेदार गाउँपालिकाको साझेदारीमा संचालित GRAPEपरियोजना अन्तर्गत बडीकेदार गाउँपालिका ५ वटै वडाहरुमा ३८ वटा Iron Poly House निर्माण कार्य सम्पन्न गरिएको।
- GIZर बडीकेदार गाउँपालिकाको साझेदारीमा संचालित GRAPEपरियोजना अन्तर्गत बडीकेदार गाउँपालिका ५ वटै वडाहरुमा Iron Poly House निर्माण कार्यक्रमका लागि छनौट भएका ३८ जना कृषकहरुलाई ३ दिने वेमौषमी तरकारी खेती सम्बन्धि तालिम संचालन गरिएको।
- उत्पादनमा आधारित अनुदान (मह-सहितको मौरीघार ) कार्यक्रम अन्तर्गत ३० जना कृषकहरुलाई ४३३ घार बराबरकोअनुदान रकम अनुदान गराईएको।

- बडीकेदार गाउँपालिका भित्रका ५ वटै वडाका कृषक तथा कृषक समूहलाई उन्नतजातको तरकारीको विउ खरिद गरी ३५० जना कृषक तथा कृषक समूहमा  वितरण ।
- च्याउको उत्पादन वृद्धि गर्ने उद्देश्यले यस पालिकाका सवै वडाहरुमा ९० के.जी च्याउको विउ तथा प्लाष्टिक ब्याग १५० जना कृषकहरुलाई वितरण।
- आलु क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत यस पालिका ६ वटा फर्म , समूहहरुमा २० क्विनटल आलुको बिउ वितरण।
- मागमा आधारित कार्यक्रम अन्तर्गत बडीकेदार गाउँपालिका वडा नं-५ मा ८ वटा बासँको पोलिहाउस निर्माण तथा वडा नं -०४ मा अलैची खेतीका कार्यक्रम संचालन गरिएको।
- बालीमा लाग्ने रोग किरा नियन्त्रणका लागि यस पालिका २५० जना कृषक, समूह फर्महरुलाई विषादी वितरण।
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्र बाट आ.व. २०८१/०८२ को लागि प्रकाशित सूचना समप्रेशण तथा कार्यक्रमको लागि आएका आवेदन संकलन गरी सम्बन्धित निकायमा पेश गरि कार्यक्रम सञ्चालनमा सहजिकरण ।

## पशु सेवा शाखा

- बडीकेदार गाउँपालिका भित्रका १०००० भेडाबाख्राहरुलाई पि. पि.आर रोग विरुद्र खोप लगाई त्येसको रिपोर्टिङ  भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र  लगायत सम्बन्धित निकायहरुमा  पठाई सकिएको छ ।
- पशुपन्क्षी उपचार तर्फ गाई/गोरु ७१५, भैसी ६२, भेडाबाख्रा ३३२४, कुखुरा ३०० बङ्गुर १८, बोका तथा गोरुको बन्ध्यारण २१५ गरिएको।
- मागमा आधारित पशुपन्छी विकास कार्यक्रम  संचाल गरी आवशयक प्रक्रिया पुरा गरी १० वटा छनौट भई  ८ वटा सम्पन्न भएर भुक्तानी गरिएको।
- रेबिज रोग विरुद्द खोप अभियान कार्यक्रम संचालन गरी घरपालुवा तथा सामुदायिक कुकुर बिरालोमा २०२ डोज भ्यक्सिन लगाइएको।
- आ.व.२०८१/०८२ मा १४ वटा नयाँ व्यावसायिक फर्म दर्ता तथा ४९ वटा फर्महरु नविकरण गरिएको।

### पशु सेवा शाखाको विनियोजित बजेट तथा खर्च विवरण

| क्र.स | कार्यक्रमको नाम | ठेगना | विनियोजित बजेट (हजारमा) | खर्च (हजारमा) | कैफियात |
|---|---|---|---|---|---|
| १. | औषधि खरिद | बडीकेदार गा.पा. | १००० | १००० | |
| २. | मागमा आधारित पशुपन्छी विकास कार्यक्रम | बडीकेदार गा.पा. | २५० | २०० | ८ वटा मागमा आधारित कार्यक्रम मात्र समपन्न भएको। |
| ३. | खोप अभियान कार्यक्रम | बडीकेदार गा.पा. | २०० | १५० | २०२ डोज भ्यक्सिन लगाइएको |
| ४. | आकस्मिम रोग लागि औषधि खरिद | बडीकेदार गा.पा. | २०० | २०० | |
| ५. | भेटेरिनरी उपकरण खरिद | बडीकेदार गा.पा. | १०० | १०० | |
| | जम्मा | | १७५० | १६५० | ९४.२८% |

## उद्यम बिकास शाखाबाट सम्पन्न कार्यक्रम तथा विनियोजित बजेटः

| क्र. स. | सम्पन्न कार्यक्रम | ठेगाना | विनियोजित बजेट (हजारमा) | खर्च (रु.हजार मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरिय अल्लो प्रशोधन तथा सामाग्रीहरु उत्पादन भवन निर्माण | बडीकेदार गा.पा. वडा नं. ४ को काउँले बजार डोटी | २,०००। | १,०००। | पशुपति अल्लो प्रशोधन तथा मसला उद्योग बडीकेदार ४ डोटी संग ५० प्रतिशत लागत साझेदारीमा |
| २ | अल्लो प्रशोधन गरी अल्लोको धागो तथा झोला बनाउने तालिम | बडीकेदार गा.पा. वडा नं. ४ को काउँले बजार डोटी | ५००। | ४७०। | |

## प्रधानमन्त्री रोजगार कार्यक्रम

१.बडिकेदार गाउँपालिकाका ५ वटा वडामा आ.व २०८१/०८२ मा सुचिकृत ब्यक्तिको प्रथमिकरण लिष्ट बितरण गरि कामका लागि छनोट हुने श्रमिकहरुलाई रोजगारीमा खटिनु पुर्बअभीमुखीकरण सञ्चालन गरी वडा भरी ९ वटा योजनासम्पन्न गरी रोजगारी सृजना बाफत रु ५०,१०,०००। अक्षरुपी पचास लाख दश हजार ७५ जना ब्याग्तीको खातामा रकम भुक्तानी गरिएको छ। सडक सोलिङ- ६५० मिटर घोरेटो बाटो निर्माण- ९.५४ किलो मिटर वडा कार्यालय वाल निर्माण- ४७ मिटर बिध्यालय घेरवार निर्माण- २०० मिटर बिध्यालय भवन निर्माण-१ वटा बिध्यालय खेलमैदान निर्माण-१ वटा

२. बालश्रम मुक्त स्थानिय तहका लागि घरधुरी सर्बेक्षण र रोजगारीका लागि भारत लगायत तेस्रोमुलुक गएका ,वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको तथ्याङक संकलन सम्बन्धि गाउँपालिकाका सम्पुर्ण वडाहरुमा गणक सहजकर्ता खटाई डाटा संकलन गरिएको छ।

३.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व २०८२/०८३मा५०२जनाबेरोजगार ब्याग्ती(EMIS)मासुचिकृत गरिएको छ।

४ रणनितिक योजना अध्याबधिक कार्य सञ्चालनमा गरिएको छ ।

५श्रमको सम्मान राष्ट्रको अभियान र रोजगार सम्बाद मञ्च कार्यक्रम पालिका स्तरमा सञ्चालन गरिएको छ।

### सामजिक सुरक्षा तथा पञ्जिकरण शाखा

१। यस आ.व.मा बडीकेदार गाउँपालिको कार्यालय बाट २२२९ जना सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन ।

२. यस बडीकेदार गाउँपालिकामा सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको सरल र सहज गर्नको लागी बडीकेदार गाउँपालिका र प्रभु बैंल लि. बडीकेदार शाखाको साझेदारीमा बडीकेदार गाउँपालिकाको ५ वटै वडाकार्यालयमा गई सामजिक सुरक्षा भत्ता वितरण कार्य गरिएको छ ।

३. नेपाल सरकारको निति अनुसार यस बडीकेदार गाउँपालिकामा सानजिक सुरक्षा भत्ता गर्ने लाभग्राहि हरुको लागी अनिवार्य बायोमेट्रिक डिभाईस को प्रयोग गरि नविकरण कार्य सहज बनाउनको लागि वडामा कान्यरत वडा सचिव र सहायक कम्प्युटर अपरेटर हरु लाई डिभाइस संचालन समवन्धि तालिम संचालन गरि ५ वटा वडा कार्यालयमा डिभाइस वितरण गरिएकोछ । जसले गर्दा नविकरण कार्यमा सहज हुने छ ।

सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

| वडा नं. | संख्या | वितरित रकम |
|---|---|---|
| १ | ४१९ | ९८,०६,०६७।० |
| २ | ४१९ | ९३,९४,४९०।० |
| ३ | ३९७ | ९७,९६,४५६।० |
| ४ | ४६७ | १,१०,७९,९०५।० |
| ५ | ५९१ | १,३८,८७,०९३।० |
| जम्मा | २२९३ | ५,३९,६४,००९।० |

## पञ्जिकरण सम्बन्धी

व्यक्तिगत घटना दर्ता विवरण

| वडा नं. | जम्मा | मृत्यु | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरि आएको दर्ता संख्या | बसाई सरि जाने दर्ता संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५३० | ९० | १ | १४५ | १८ | १२९ | ९१३ |
| २ | १०९० | ८८ | २ | १३८ | १९ | १६२ | १४९९ |
| ३ | ६७३ | ८४ | १ | १३७ | १० | २१० | १११५ |
| ४ | ७७५ | ११९ | - | १५६ | २६ | २०९ | १२९४ |
| ५ | ९०३ | ९३ | १ | १२१ | ८ | १४९ | १२७५ |
| जम्मा | ३९७१ | ४७४ | ५ | ७०६ | ८१ | ८५९ | ६०९६ |

## <u>सूचना प्रविधि तर्फको आ.ब। २०८१०८२ को प्रगति विवरण</u>

१. गाउँपालिका र वडा कार्यालय अन्तर्गतको ईन्टरनेट सेवा नियमित मर्मत तथा संचालन
२. वडा नं. १ को इलाका प्रहरी कार्यालय र बजार एरियामा सि सि टि. भि जडान
३. गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका भूमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको विवरण प्रणालीमा प्रबिष्ट गरिएको छ ।
४. नियमित रुपमा वेवसाइट अपडेट र कन्टेन्टहरु राखिएको छ ।

**तपसिलः**

| वडा नं. | भूमिहिन दलित | भूमिहिन सुकुम्वासी | अव्यवस्थित बसोबासी | कैफियत |
|---|---|---|---|---|
| १ | ६ | ० | ६८ | कार्यपालिकाबाट स्वीकृत हुन बाँकी |
| २ | ० | ० | ० | |
| ३ | २१ | २६ | ५७ | |
| ४ | १ | ० | २४ | |
| ५ | ० | ० | २ | |

**महिला तथा वालवालिका शाखा**

१. २०५ जना अपाङ्गता भएका व्यक्तिकको परिचयपत्र अध्यावदी गरिएको छ

२. २९ जता अपाङ्गता भएका व्यक्तिहरुलाई नयाँ अपाङ्गता परिचयपत्र वितर गरिएको छ।

३. अहिं विपन्न आर्थिक स्थिति, कमजोर भएका अपाङ्गता भएका ४० जन हरुलाई चिसो बाट बच्नको लागि बलाङ्केट वितरण गरिएको छ ।

४. १३ जना आपाङ्गता भएका व्यक्तिहरुलाई सहयोगि सामाग्री बैंशाखी, सेतो कल्चर वितरण गरिएको छ।

५. ५३ जना जनप्रतिनिधि, अपाङ्ग, परिचय पत्र वितरण समन्वय समिति ५ और बडामा गठन गरिएका अपाङ्गता भएका व्यक्तिहरुको स्ववत्मब समुहका प्रतिनिधीहरुलाई अपाङ्गता सम्बन्धी हक, हित, अधिकार र नियम, कार्याविधि सम्बन्धी तिन दिने तालिम सञ्चालन गरिएको छ ।

६. सुनुर्वाई सम्बन्धि र आँखा सम्बन्धि समस्या भएका अपाङ्गता व्यक्तिह निःशुल्क रुपमा ५ ओटै वडामा स्वास्थ्य शिविर सञ्चालन गरि जाँच र अप्रेशन निःशुल्क गरिएको छ।

७. विभिन्न किसिमका दिवशहरु जस्तै भन्ने हरितालिका तीज, लैङ्गिक हिंसा र नारी दिवश जस्ता दिवश हरुमा ५ ओटै वडाका महिलाहरुलाई समावेश उनिहरुको प्रतिभा र महिला हिंसा सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन भएको छ ।

८. लागु पदार्थ दुर्व्यसनि सम्बन्धि ५ ओटै वडाका मावि विद्यालयका छात्र शिक्षक लगायत सम्बन्धित वहाँका जनप्रतिनिधि, समाज सेवी तथा स्थ व्यक्तिहरुलाई लागु पदार्थ दुर्व्यसति सम्बन्धि जनचेतनामुलक कार्यक्रम एचालन गरिएको छ।

९. आर्थिक स्थिति कमजोर विपन्न, दलित, जनजाति, एकल महिला र जेट नागरिक व्यक्तिहरुलाई चिसो बाट बच्नको लागि ६५ बल्याइवे,ट र ६५ टर्च लाईट वितरण गरिएको छ ।

१०. ५ वटै वडामा वाल विवाह न्यूनिकरण सम्बन्धि कार्यक्रम, माद्यामिक विद्यालयमा अध्ययनरत छात्रछात्रा, शिक्षक, जनप्रतिनिधि तथा अभिभावकहरुलाई वाल विवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम संचालन गरिएको ।

न्यायिक समिति

१.सामुदायिक मेलमिलाप सम्वन्धी आठ दिवशिय आधारभुत तालिम प्राप्त बडीकेदार गाउँपालिका ५ वटै वडा बाट यस गाउँपालिकामा सुचिकृत मेलमिलापकर्ता हरु न्यायिक समिति पदाधिकारी,जनप्रतिनी र सरोकारवाल निकायहरुको सहभागितमा र तिन दिवशिय पुनर्ताजकी तालीम संचालन गरि सम्पन्न गरियो ।

२.न्यायिक समितिको नियमित रुपमा बैठक बसी सरोकारवाला निकाय हरु संग समन्वय तथा सहकार्य गरिएको छ ।

३. वडामा रहेका मेलमिलापकेन्द्रहरुको अनुगमन गरि मेलमिलापकर्ता संग बैठक तथा अनुगमन कार्यलाई जोड दिइयो

४. न्यायिक समिति समवन्धित सरोकार वाला निकाय हरुले माग गरेका डाटा हरु तयार पारि पेश गर्ने कार्य गरियो ।

५. यस गाउँपालिकाको न्यायिक समितिमा यस आर्थि वर्षमा कुनैपनि मुद्दा हरु दर्ता नभएता पनी समुदाय स्तरमा मेलमिलाप कर्ता र न्यायिक समितिका पदधिकारी हरु मार्फत न्यायिक कानुनु परामर्स गर्ने कार्य लाई निन्र्तरता गरिएको छ ।

## जिन्सी शाखाः

- माग फाराम संकलन गरि आवश्यकताको आधारमा सामाग्री खरिद गरिने गरेको ।
- खरिद गरिएका सामाग्रीहरुको पाम्समा खरिद आदेश, दाखिला प्रतिवेदन अनुसार निकासा गरिएको ।
- खरिद गरिएका सामाग्रीहरुको आम्दानी र खर्चको अभिलेख पालिका, वडा र शाखा अनुसार राखिएको ।
- मौज्दात सामाग्रीहरुको अभिलेख गर्ने गरिएको ।
- यस पालिकामा रहेको मोटरसाईकल, ट्याक्टर, जीप, डोजर र एक्जाभेटर मेसिनको मर्मत, स्पेयर पार्टस खरिद तथा लगवुक राख्ने गरिएको ।
- गाउँसभाबाट विनियोजित वजेट अनुसार डिजेल खरिद गरि सडक निर्माण, सडक सरसफाई, खेलकुद मैदान लगायत अन्य विकास निर्माणको लगवुक, नापी कितावको अभिलेख राख्ने गरेको ।
- यस पालिकामा वर्ष भरि खरिद हुने विभिन्न सामाग्रीहरुको लागि फर्म/कम्पनी सूचीकृत गर्ने, सोमा लाग्ने राजश्व संकलनमा सहयोग ।
- गाउँपालिकाका मेसिनहरुले कुनै व्यक्ति, समूह वा फर्मले भाडामा लगेर काम गरेमा निर्माण कार्यको लगवुकका आधारमा राजश्व संकलन गर्ने गरेको ।

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समिक्षा कार्यक्रमको उपस्थिति :

आज मिति २०८२/०५/२२ गते यस बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रगति समिक्षा कार्यक्रम गाउँपालिका अध्यक्ष श्री भैरब बहादुर साउँदज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थितिः

| सि.न. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | भैरब बहादुर साउँद | अध्यक्ष | | |
| २ | डम्मरी कुमारी विष्ट | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | वडा अध्यक्ष | | |
| ४ | प्रेम बहादुर घर्तिमगर | वडा अध्यक्ष | | |
| ५ | राम ब गूरुङ | वडा अध्यक्ष | | |
| ६ | कर्ण बहादुर जेठरा | वडा अध्यक्ष | | |
| ७ | पदम सीं बोहरा | वडा अध्यक्ष | | |
| ८ | विमला देवी बोहरा | वडा सदस्य | | |
| ९ | जलु देवी सार्की | वडा सदस्य | | |
| १० | धन बहादुर बोगटी रजवार | वडा सदस्य | | |
| ११ | वर्जिता देवि सार्कि | वडा सदस्य | | |
| १२ | तारा कुमारी नाम्जालि | कार्यपालिक सदस्य | तारा | |
| १३ | इन्द्र बहादुर ओली | वडा सदस्य | | |
| १४ | मोहन बहादुर कामी | वडा सदस्य | | |
| १५ | ललिता देवि पुनमगर | वडा सदस्य | ललिता | |
| १६ | आइति देवी टमट्टा | वडा सदस्य | | |
| १७ | दान ब मल्ल | वडा सदस्य | | |
| १८ | प्रकास लामा | वडा सदस्य | | |
| १९ | पदमा देवी जेठरा | कार्यपालिक सदस्य | | |
| २० | मन्धरी देवि भुल | वडा सदस्य | | |
| २१ | टेक बहादुर रोकामगर | वडा सदस्य | | |
| २२ | लोकेन्द्र बहादुर बोहरा | वडा सदस्य | | |
| २३ | निर्मला देवि वोहरा | कार्यपालिक सदस्य | | |
| २४ | कुमारी दमाई | कार्यपालिक सदस्य | | |
| २५ | प्रकास बोहरा | वडा सदस्य | | |
| २६ | भिम बहादुर बोहरा | वडा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २७ | अमर बहादुर मिजार | कार्यपालिक सदस्य | | |
| २८ | प्रेम बहादुर सार्कि | कार्यपालिक सदस्य | | |
| २९ | शेर बहादुर वुढा | प्रमुख प्रशासकीय अधिकृत | | |
| ३० | महेशदत्त भट्ट | प्रशासकीय अधिकृत | | |
| ३१ | विवेक देउवा | शिक्षा अधिकृत | | |
| ३२ | दिपक बम | इन्जिनियर | | |
| ३३ | योगेन्द्र शाही | जनस्वास्थ्य निरीक्षक | | |
| ३४ | खडक बहादुर धामी | सि.अ.हे.व.अधिकृत | | |
| ३५ | टोप बहादुर चन्द | सूचना अधिकृत | | |
| ३६ | चक्र बहादुर कलेल | रोजगार संयोजक | | |
| ३७ | सुरेश मलासी | कृषि अधिकृत | | |
| ३८ | दिपक राज जैशी | अधिकृत छैठौ (प्रशासन) | | |
| ३९ | युवराज भट्ट | अधिकृत छैठौ(लेखा) | | |
| ४० | छविराज भट्ट | अधिकृत छैठौ (प्रशासन) | | |
| ४१ | लाल बहादुर वोहरा | अधिकृत छैठौ (कम्प्यूटर ) | | |
| ४२ | सुरेश ब. पाल | इन्जिनियर (छैठौ) | | |
| ४३ | चक्र ऐर | शिक्षा अधिकृत (छैठौ) | | |
| ४४ | भावना बोगटी | कृषि अधिकृत (छैठौ) | | |
| ४५ | सञ्जय शर्मा | पशु स्वास्थ्य प्राविधिक | | |
| ४६ | आस्था माझी | सब-इन्जिनियर | | |
| ४७ | दिर्घ राज ओझा | रोजगार सहायक | | |
| ४८ | गणेश बहादुर चन्द | प्राविधिक सहायक | | |
| ४९ | भुपेन्द्र ब. बोहरा | उद्यम विकास सहजकर्ता | | |
| ५० | मिन बहादुर शाह | :क्ष अपरेटर | | |
| ५१ | गरिमा क्षेत्री | फिल्ड सहायक | | |
| ५२ | खडक बहादुर वोहरा | अपाङ्ग प.प. स्वयंसेवक | | |
| ५३ | वीरेन्द्र मौनी | अ.स.ई. | | |
| ५४ | भरत बोहरा | प्राविधिक सहायक | | |
| ५५ | चक्र बहादुर देउवा | खा.पा.स.टे. | | |
| ५६ | सुन्दर प्र. उपाध्याय | वडा सचिव(४नं) | | |
| ५७ | [illegible] | पत्रकार | | |
| ५८ | खगेन्द्र राज जोशी | CDC | | |

| | | | | |
|---|---|---|---|---|
| ५९ | [illegible] | [illegible] | | |
| ६० | [illegible] | [illegible] | | |
| ६१ | तारा विष्ट | | | |
| ६२ | | | | |
| ६३ | सुमन कुँवर | अ.स.ई. | | |
| ६४ | मिनराज अवस्थी | अ.स.ई. | | |
| ६५ | सागर मटेली | अ.स.ई. | | |
| ६६ | सुरेश बहादुर वोहरा | स.क.अ. | | |
| ६७ | गणेश बहादुर चन्द | का.स. | | |
| ६८ | भरत ब. साउद | का.स. | | |
| ६९ | हर्क बहादुर कोटकेनी | का.स. | | |
| ७० | राम बहादुर वडैला | सवारी चालक | | |
| ७१ | प्रकाश ब. मन्नी | सवारी चालक | | |
| ७२ | डम्मरा वोहरा | स्वीपर | | |
| ७३ | अमृता जेठारा | स्वीपर | | |
| | | | | |
| | | | | |

**निर्णय नं. १**

आर्थिक वर्ष २०८१/०८२ मा यस कार्यालयबाट सम्पादित तथा कार्यान्वयन भएको योजना तथा कार्यक्रमहरुको बारेमा गाउँपालिकाका पदाधिकारीहरु र कर्मचारीहरुको संयुक्त उपस्थितिमा वार्षिक समिक्षा गोष्ठी संचालन गरियो साथै उक्त समिक्षा गोष्ठीमा कार्यालयका विषयगत शाखाहरु, वडा कार्यालयहरुबाट भए गरिएका कार्यहरुको प्रस्तुतिकरण गरियो उक्त प्रस्तुति कारणमा शाखाहरु तथा वडाहरुबाट आफुले भोगेका समस्याहरु, समाधानका उपायहरु लगायतका विषयमा छलफल गरि सम्पन्न भयो ।